# उपाध्यक्ष श्री ममता महतोज्यूले गाउँसभाको सत्रौँ अधिवेशन समक्ष पेश गर्नु भएको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

पटेर्वा सुगौली गाउँपालिका
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल
२०८३ असार ३ गते बुधवार

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

पटेर्वा सुगौली गाउँपालिकाका श्रध्देय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँपालिकाका सम्पूर्ण गाउँसभाका सदस्यहरु, यस गाउँपालिकाका राष्ट्रसेवक कर्मचारीहरु, अन्य उपस्थित महानुभावहरु,

मुलुकको संघीय शासन प्रणालीमार्फत गठित स्थानीय सरकारको दोश्रो निर्वाचित कार्यकालको चौथो बार्षिक नीति तथाकार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएकी छु। मुलुकलाई यस अवस्थामा ल्याई पुर्‍याउन आफ्नोजीवनपर्यन्त योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका अग्रजहरु, विभिन्न आन्दोलन एवं संघर्षमा जीवनको बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाजएवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

विभिन्न देश वीचको युद्धको कारण विश्व व्यापी आर्थिक मन्दीले आर्थिक संकट उत्पन्न भई संघ र प्रदेश सरकारको अनुदान कटौतिको साक्षी बन्दै यस गाउँपालिकाको भाग्य र भविष्यसँग जोडिएका गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा हामी माझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ। जसरी अँध्यारो रातपछि उज्यालो विहान अवस्य आउँछ, त्यसैगरि हामी माझको चुनौती पनि यस गाउँपालिकाको विकास एवंम् आत्मनिर्भरताको अभियानको एउटा ऐतिहासिक अवसरको रुपमा रहनेछ भन्ने मेरो विश्वास समेत व्यक्त गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त न्यून अनुदान एवं गाउँपालिकाको सिमित आयस्रोतका बावजुद हामीले निर्वाचनमा बाँडेका विकास निर्माणका सपनाहरु पुरा गर्दै आइरहेको प्रष्ट पार्न चाहन्छु। दोश्रो निर्वाचन पश्चात ४ बर्ष कार्यकाल सम्पन्न स्थानीय सरकारले आम नागरिकमा पुर्‍याएका सेवा एवं विकासका योजना तथा कार्यक्रमले दैनिकी सहज भएको महसुस गराउन चाहन्छु। वर्षौंदेखि अल्मलिएको विकास प्रक्रियाले गति लिएको छ भने नागरिकमा विकासप्रतिको चासो बढेको छ। हामी पटेर्वा सुगौलीबासी आज करोडौका आयोजना आफै संचालन गरिरहेको भएता पनि जन आकांक्षा अनुरुप विकासको प्रगति दिन सकेको छैन। यो सबै तपाई हाम्रो विकास प्रतिको लगाव,परिवर्तनको प्रतिफल एवं नागरिकको चाहना बाटै सम्भव भएको छ। यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, सम्पूर्ण राजनीतिक दल एवं आम सर्वसाधारणमा म हार्दिक धन्यवाद दिन चाहन्छु।

सभाध्यक्ष महोदय,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवंम् प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवंम् प्रदेश सरकारको आवधिक योजना, नेपालसरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा प्रतिवद्दता जनाएका विषयहरु, दिगो विकासको लक्ष्य एवंम् आम पटेर्वा सुगौली गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुले व्यक्त गर्नु भएको विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन्।

पर्सा जिल्ला कै ऐतिहासिक श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीको रुपमा चिनिएको यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्न छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेको छ। कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन योग्य, संक्षिप्त कार्यक्रमको गोजी पात्रो बनाउनु यस नीति तथा कार्यक्रमको मूख्य लक्ष्य हो ।

सभाध्यक्ष महोदय एवम् गाउँ सभा सदस्यज्यूहरु,

पटेर्वा सुगौली गाउँपालिकाको ***"स्थानीय स्रोत, स्थानीय रोजगारी – एक गाउँ, एक उद्यम एक पहिचान, हाम्रो अभियान !"*** पटेर्वा सुगौलीको आधारभूत मूल नारामा केन्द्रित रहेर आगामी बर्षका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

**आदर्णीय सभाध्यक्ष महोदयः**

अगामी आ.व. २०८३/०८४ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु अघि म पटेर्वा सुगौली गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति प्रति ध्यानाकर्षण गराउन चाहन्छु।

### १.१ स्थानीय तहको संक्षिप्त परिचयः

पटेर्वा सुगौली गाउँपालिका नेपालको मधेश प्रदेश अन्तर्गत पर्सा जिल्लाको बिच उत्तरी भेगमा पर्ने ५ वडा रहेको क्षेत्रफल ६४.२९ वर्ग कि.मी., घरघुरी संख्या ४७५३ तथा जनसंख्या २५,४९८ (पुरुष १२,८०२, महिला १२,६९६) रहेको गाउँपालिका हो। पर्सा जिल्ला कै ऐतिहासिक श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीको रुपमा चिनिएको यस गाउँपालिकाको विकासको प्रमुख आधार कृषि, पर्यटन, शिक्षा र स्वास्थ्यमा सुधार लक्ष्य रहेकोमा उत्तरी ग्रामिण भेगमा एक मात्र रहेको १५ शैंया आधारभुत अस्पताल सुगौलीमा व्यवस्थित चिकित्सा सेवा सुविधा हुन र संस्कृति एवं पर्यटन तर्फ थारु संग्रहालय रहेको छ।

**आदर्णीय सभाध्यक्ष महोदयः**

यस आर्थिक वर्ष २०८३/०८४ मा यस पटेर्वा सुगौली गाउँपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धीहरु उल्लेख गर्न चाहन्छु :

- १५ शैया आधारभूत अस्पताल निर्माण सम्पन्न भई संचालन आएको छ । जुन मधेश प्रदेश कै गाउँपालिकाद्वारा निर्मित प्रथम अस्पताल हो यहाँ प्रत्येक महिना अन्तिम शुक्रवार स्त्री रोग विशेषज्ञ र बाल रोग विशेषज्ञ द्वारा चिकित्सा सेवा उपलब्ध भईरहेको साथै भिडियो एक्सरे, दन्त सेवा चिकित्सा र आयुर्वेद सेवा समेत उपलब्ध भईरहेको छ। NSI सँग सम्झौता भई आउदो साउन देखि ECO एवम् शैल्यक्रिया सहित सेवा संचालन हुनेछ।
- वडा नं. २ मा बर्थिङ्ग सेन्टरको निर्माण सम्पन्न भई सेवा सुविधा युक्त संचालनमा आएको छ ।
- वडा नं. २ भवरीमाई स्थानमा थारु संग्रालयको भवन निर्माण सम्पन्न भई संचालन हुने प्रक्रियामा रहेको छ ।
- यस गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण सम्पन्न भई संचालनमा रहेको छ।
- वडा नं. २ रंगपुरमा आधुनिक कृषि बजार सेड तथा कोल्ड च्याबर निर्माण सम्पन्न भई संचालन हुने प्रक्रियामा रहेको छ ।
- श्री ने.रा.आ.वि भाथा, ने.रा.मा.वि. निचुटा प्राविधिक विद्यालय र ने.रा.आ.वि कञ्चनपुर बैरियामा कक्षा कोठा थप तथा विद्यालयको पूर्वाधार विकास गरी भौतिक पूर्वाधारमा वृद्धि गरिएको छ ।
- यस गाउँपालिकाको बैजनाथपुर, विश्राम टोल, पूर्व देकुली समेत ४ वटा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ।
- ग्रामीण कृषि विद्युतीकरण अन्तर्गत ३० पोल तथा तार जडान कार्य सम्पन्न भई सिंचाई कार्यमा सहजीरकण गरिएको ।
- गाउँपालिकाका भित्रमा विभिन्न ६ वटा मन्दिर तथा ५ वटा छठीघाट निर्माण कार्य सम्पन्न भएको ।
- गाउँपालिका बिभिन्न वडाहरुमा ७ वटा कल्भर्टहरु निर्माण सम्पन्न भएको ।
- गाउँपालिकाका बिभिन्न टोल तथा वस्तीहरुमा सडक ढलान ६८८ मिटर र सडक कालो पत्रे २ किलो मिटर तथा सडक ग्रेभल १.१ किलो मिटर निर्माण सम्पन्न भएको छ।
- गाउँपालिकाका बिभिन्न टोल तथा वस्तीहरुमा १४०६ मिटर पक्की नाला निर्माण सम्पन्न भएको छ ।
- कृषि बोरिङ्ग ५ वटा र शुद्ध खानेपानीका लागि डिप बोरिङ्ग जडान ६ ठाउँमा सम्पन्न भएको छ।
- आ.व.२०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन अनुसार पटेर्वा सुगौली गाउँपालिकाले बेरुजु ०.९ प्रतिशत भएको जुन पर्सा जिल्लाको स्थानीय तहहरु मध्ये तेस्रो स्थानमा पर्न सफल भएको छ ।

- यस पटेर्वा सुगौली गाउँ कार्यापालिकाको कार्यालय न्यायिक समिति शाखामा आ.व. २०८२/०८३ सालको न्यायिक समितिमा जम्मा उजूरी दर्ता भएको विवाद मुद्धा संख्या जम्मा ४७ वटा र गत आ.व. को मुद्दा विवाद टुङ्गो लगाउन बाँकी रहेको विवाद संख्या २२ वटा जम्मा गरी जम्मा विवाद संख्या ६९ वटा रहेकोमा जस मध्ये न्यायिक समितिको निर्णयबाट ४८ र न्यायिक समितिमा दुबै पक्ष बिच मिलापत्रबाट १२ वटा गरी जम्मा ६० वटा विवादको टुङ्गो फरछ्यट भइसकेको र बाँकी विवाद संख्या ९ वटा अगामी आ.व. २०८३/०८४ मा पुर्वपक्षको क्रममा चलिरहने जानकारी गराउदछु।
- समृद्धि लागि वन परियोजना अन्तर्गत १६ विगाहा जग्गामा वृक्षरोपण कार्य भईरहेको छ ।
- कृषि टनेल निर्माण गरी करिब २०,००० विरुवा वितरण गरिएको छ।
- पटेर्वा सुगौली गाउँपालिका वडा नं. ४, पटेर्वामा नयाँ उद्यमी सिर्जना गरी सीप विकास तालिम संचालन क्रममा छ र वडा नं. ५ मनिहर्वामा सेवई तथा पापड सम्बन्धी सीप विकास तालिम दिई संचालनमा ल्याउन उपयुक्र प्रविधि हस्तान्तरण गरियो।
- पुरानो लघु उद्यमीहरु साबुन बनाउने समूह तथा मसाला बनाउने समूहलाई स्तरोन्नतिको लागि यस पालिकाबाट कच्चा पदार्थ उपलब्ध गराइयो।

❖ <u>विद्यमान परिवेश ( आर्थिक, सामाजिक, प्रशासनिक, आदि )</u>

मुलुकको विद्यमान आर्थिक समस्या र यसबाट संघीय सरकारको राजश्व परिचालनमा परेको प्रभावका कारण स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमा कटौती भई नकारात्मक असर पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुन उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध पालिका सुखी पालिकाबासीको मुल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन **गाउँपालिकाको क्षमता विकास** गर्न समेत अपरिहार्यछ । यसका लागि **बिद्युतीय सुशासन प्रणाली**लाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

❖ **विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती:**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. भाथा बाबा, गादीमाई, भूमरीमाई र सोमेश्वरनाथ लगायतका सांस्कृतिक तथा ऐतिहासिक महत्वका सम्पदाहरु रहेकोले पर्यटन विकासको प्रशष्त सम्भावना हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद माग अनुसार समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गर्नु।
८. कृषकहरुलाई व्यवसायिक कृषि तर्फ उन्मुख गराउनु।
९. लागू औषध दुर्यव्यसनी पूर्ण रुपमा नियन्त्रण गर्नु।
१०. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
११. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
१२. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रमुख नीति तथा कार्यक्रमः

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाइनेछ।
२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नतिसमृद्दि एवं विकासको ,प्रगति , दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल निर्माण गरी गाउँपालिकाको बहु वर्षीय गुरू योजना तयार गरिनेछ।

३. समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनि कनिजी र सहकारी क्षेत्रको भुमिकालाई , प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लागत संकलन गरी सहकारीहरुको अनुगमन सुपरिवेक्षण गरिनेछ ,।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना , अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ।

५. कृषि क्षेत्रलाई गाउँपालिकाको उतपादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। स्थानिय तरकारीका लागि नर्सरी, खाद्यान्न बाली (मकै), फलफुल, नगदे बाली,आदी, बेसार, तोरी खेतीलाई संरक्षण सम्वर्धन गर्दै कृषि उत्पादनमा जोड दिई कृषिको आधुनिकिकरण र व्यवसायिकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थ तन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुण्स्तरीय तरकारी, माछा, नगदे बाली, फलफुल उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

६. चिश्यान केन्द्र निर्माण गरिनेछ।

७. आधुनिक कृषि बाजर निर्माण गरिनेछ।

८. पटेर्वा सुगौली गाउँपालिका वासीको जीवनस्तरमा सुधार ल्याउन कृषि उपजमा आधारित उद्योग तथा कलकारखानाहरुको क्रमश स्थापना तथा विकासका लागि आवश्यक पहल गर्दै लगिनेछ।

९. कृषि उत्पादन तथा उत्पादकत्व बढाउन व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीको पूर्वाधारहरुको विकास गरी आफ्नो पहिचान बनाइने छ।

१०. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ।

११. प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने आवश्यक पहल गरिनेछ।

१२. कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

१३. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिक रुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ।

१४. गाउँपालिकामा रहेका प्राकृतिक श्रोतसाधन लगायतको संरक्षण र सम्वर्द्धन गर्न , आवश्यक निकायहरु संग पहल गरिनेछ।

१५. बालविवाह तथा बालश्रम एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई अन्य समुदायिक सन्जालहरु र प्रहरी प्रशासनको संयुक्त संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

१६. सामाजिक सूरक्षा कार्यक्रमलाई अझै भरपर्दो र सहज बनाउन बैंकिङ प्रणाल (Banking System ) मार्फत सामाजिक सुरक्षा वितरण गर्ने व्यवस्था भइरहेकोमा अति अशक्त

व्यक्तिहरुलाई सहज रुपमा सामाजिक सुरक्षा वितरणको लागि बैंकसंग समन्वय गरिनेछ।

१७. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिवृद्धि गर्न सेवाको गुणस्तरमा थप व्यवस्था मिलाइनेछ ।सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगिनेछ।

१८. स्वस्थ अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ।

१९. गाउँपालिकालाई अपाङ्गमैत्री, प्रविधिमैत्री, बालमैत्री, वातावरणमैत्री, लैङ्गिक हिंसा मुक्त बनाउने निति अवलम्बन गरिनेछ।

२०. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको सयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षणअनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी , रुपमा लागु गरिनेछ।

२१. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालै सुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

२२. पारदर्शिता कर्तब्यनिष्ठताका साथ सेवा प्रवाहलाई भ्रष्टचार रहित, नागरिकमैत्री, सुशासनमैत्री, ईमान्दारिता, जवाफदेहिका, बेरुजु रहित बनाईनेछ।

२३. प्रशासनिक काम करवाहीलाई सरल प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई लामो र झनझटिलो निर्णय प्रक्रियालाई घटाउदै चुस्त एक द्वार सेवा प्रणाली (One Door System) अपनाईने छ।

२४. आवधिक योजनाहरु विकास गर्नका लागि गाउँपालिकास्तरीय आवधिक योजना (Rural MunicipalPeriodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२५. सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी संघ संस्थाहरुको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण प्रकृयालाई कडाईका साथ लागु गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२६. यस गाउँपालिका भित्र छरिएर रहेका साना संघ संस्था, सहकारी, ठुला व्यवसायी, क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन गरिनेछ र आमा समूह, महिला समूह तथा विभिन्न कृषि समूहहरुको मुल्याङ्कन तथा सुपरिवेक्षण गरिनेछ।

२७. गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिमगोष्ठी , सेमिनार सञ्चालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।

२८. पूर्ण खोप युक्त गाउपालिकाको अवस्थालाई कायम राखिनेछ |

२९. पटेर्वा सुगौली गाउँपालिकाको "**स्थानीय श्रोत, स्थानीय रोजगार – एक गाउँ, एक उद्यम, एक पहिचान, हाम्रो अभियान!** लाई मूल निति अवलम्बन गरिनेछ।

३०. गाउँपालिकाभित्र संचालन हुने विकास निर्माणको योजनाहरुमा ३% Contigency Cost काटिनेछ।

३१. गाउँपालिकाभित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमन सुपरीवेक्षण तथा मुल्याङ्कन गरी योजना सम्झौता बमोजिम कार्यान्वयन नगर्ने निर्माण व्यवसायी, संघ संस्था तथा उपभोक्ता समितिहरुलाई कानूनी दायरामा ल्याई कारवाही प्रक्रिया अगाडी बढाइनेछ।

३२. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ।

# आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रमः

## १. आर्थिक विकास सम्बन्धी नीतिहरु

### क) कृषि तथा पशु विकास सम्बन्धी नीति

- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
- गाउँपालिका भित्रका कृषकहरुको तथ्याङ्क संकलन गरी कृषक परिचय-पत्र वितरण गर्न आवश्यक पहल गरिनेछ।
- ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सितभण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
- तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
- कृषि क्षेत्रको आधुनीकिकरण मार्फत गाउँपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- रासायनिक विषाधीको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्किएका एवम् स्वदेशमा नै बेरोजगारका रुपमा रहेका युवालाई कुषि तथा पशुपालन क्षेत्रमा आकर्षित गरिनेछ।
- कृषि सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- कृषि योग्य भूमिमा कृषि सिचाई एवम् विद्युत विस्तार गरिनेछ।
- कृषकहरुलाई सहज मलको आपूर्तिको लागि आवश्यक पहल गरिनेछ।
- कृषक समूह मार्फत बिउबिजन उत्पादन गरी स्थानिय कृषकहरुलाई बिउबिजनमा सहज पहुच पुर्याइनेछ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- तरकारी बाली नगदेवाली , उत्पादनलाई प्रोत्साहन गर्न तरकारी , नगदेवाली उत्पादक र माछा उत्पादक किसानहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप विभिन्न अनुदान प्रदान गरिने छ ।
- स्थानीय कृषकहरुलाई विऊविजनमा सहज पहुँच अभिवृदि गर्न विभिन्न विउविजनहरु वितरण गरिनेछ।
- स्थानीय कृषकहरुलाई घाँसको परनिर्भरताबाट मुक्त गर्न कम्तिमा एउटा घाँसेबाली स्रोतकेन्द्र स्थापना गरिनेछ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोग व्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ।
- गाउँपालिकामा कोल्ड स्टोर स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- किसानहरुलाई कृषि उपज बिक्रीका लागि बजार क्षेत्रमा सहज पहुचको लागि कृषि सहकारी संग आवश्यक समन्वय गरिनेछ र तरकारी संकलन केन्द्रको स्थापना गरिनेछ।
- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

### ख) पर्यटन सम्बन्धी नीति

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान संरक्षण तथा प्रवर्द्धन गर्न , पटेर्वा सुगौली गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ। यस गाउँ क्षेत्रका पर्यटकीय महत्व बोकेका सँरचनाहरुको पहिचान तथा विकास गरि वृहत्तर आर्थिक उपार्जनको रुपमा प्रवर्द्धन गरिनेछ।
- मधेश प्रदेश सरकारले श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) लाई धार्मिक पर्यटनको रुपमा घोषणा गरेकोले कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।
- भुमरीमाई स्थानलाई पिकनिट स्पटको रुपमा विकास गरिनेछ साथै उक्त स्थानमा रहेको थारु संग्रहालयलाई संचालन ल्याईनेछ।
- श्री श्री १०८ श्री दुग्धेश्वरनाथ महादेव (भाथा बाबा), भुमारीमाई, गादीमाई लगायतका धार्मिक स्थलमा अस्थायी शौचालयको व्यवस्थापन गरिनेछ।

- एक वडा एक नमुना पर्यटकीय स्थलको निमार्णको सुरुवात गरिनेछ साथै होमस्टे संचालनका लागि आवश्यक पहल गरिनेछ।

ग) वित्तीय व्यवस्था सम्बन्धी नीति

- गाउँपालिकाका सम्पूर्ण कारोबारलाई बैंकिङ प्रणालीमा आबद्ध गरिनेछ।
- सामाजिक सुरक्षालाई बैकिङ्ग प्रणाली मार्फत वितरणलाई निरन्तरता तथा थप सहजीकरणको वातावरण मिलाईनेछ।
- गाउँपालिकाका सबै व्यवसायी, उद्योगी, व्यपारी एवं सेवा प्रदायकलाई तोकिएको करको दायरा माल्याइने छ साथै कर छली गर्ने, करको दायरामा नआउनेलाई कारवाही गरिनेछ।
- वडा कार्यालय मार्फत हुने राजश्व संकलन नियमित गरिनेछ।
- कर कार्यालयबाट उपलब्ध सेवाहरु यस कार्यालयबाट उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ।

घ) उद्योग विकास सम्वन्धी नीति

- गाउँपालिका स्तरीय १ औधोगिक ग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा स्थापना गरिनेछ।
- उद्योग व्यवसाय दर्ता तथा नविकरण गर्न कडाई गरिनेछ।
- लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
- स्थानीय श्रोत, स्थानीय रोजगार – एक गाउँ, एक उद्यम, एक पहिचान, हाम्रो अभियान! लाई नितिगत रुपमा लिइने छ।

**ङ)** सहकारी सम्बन्धी नीति

- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
- कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## २. आगामी आर्थिक वर्ष २०८३/०८४ को सामाजिक विकास सम्बन्धी नीतिहरु

**क**) शिक्षा सम्बन्धी नीति :

- विद्यालयमा विद्यार्थी निरन्तरता उपस्थिति तथा **टिकाउन**को लागि अभिभावक र विद्यालय व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउन सचेतनामूलक कार्यक्रम/आयोजना संचालन गरिनेछ ।
- शिक्षक तथा कर्मचारी नियमन, कार्य सम्पादन मूल्याङ्कन तथा **पुरस्कार र प्रोत्साहन** गरिनेछ।
- प्रत्येक विद्यालयमा **बाल कल्ब गठन,** परिचालन तथा सकृय बनाइनेछ।
- विद्यार्थी –शिक्षक अनुपातका आधारमा **शिक्षक दरबन्दी मिलान**लाई प्राथमिकता दिईनेछ।
- प्र.अ. हरुलाई **आवश्यक ठाउँमा** अध्ययन अवलोकन भ्रमण गराइनेछ।
- यस पालिकामा सुचिकृत रहेको गैर संघ संस्था संग सहकार्य गरी विद्यार्थी शिक्षण सिकाई उपलब्धतालाई प्रोत्साहन तथा सहजीकरण गर्न आवश्क **समन्वय र सहकार्य** गरिनेछ।
- विद्यालयका स्वामिकतामा रहेको **जग्गाको पहिचान तथा संरक्षण** गरि विद्यालयको आन्तरिक स्रोतमा बृद्धि गर्ने पहल गरिनेछ।
- विद्यार्थीको शिक्षण सिकाई मूल्याङ्कन अनुसार कमजोर रहेका विद्यार्थीहरुलाई **अतिरिक्त कक्षा संचालन**को व्यवस्थापन गरिनेछ।
- अभिभावक,विद्यार्थी र शिक्षकको आचारसहितालाई पूर्ण रुपमा कार्यान्वयन तथा नियमन गरिनेछ।
- श्री ने.रा.मा.वि. निचुटामा **बाली विज्ञान** अध्यापन प्रति आवश्यक भौतिक पूर्वाधार लगायत ल्याबका व्यवस्थापन तथा संचालन गराइनेछ।
- उच्च प्राविधिक शिक्षाका लागि जेहेन्दार विद्यार्थीहरुलाई **छात्रवृती** रकम उपलब्ध गराइनेछ।
- आधारभूत तह उत्तीर्ण परीक्षा र एस.ई.ई. अभ्यास परीक्षा पालिका स्तरीय अन्तर विद्यालयमा परीक्षा केन्द्र तोकि **परीक्षालाई थप व्यवस्थित, मर्यादित** बनाई नतिजा प्रकाशन तथा सोको अभिलेख व्यवस्थापन गरिनेछ।
- **EMIS मा विद्यालयको यथार्थ विवरणहरु प्रविष्टि** तथा उक्त प्रणाली मार्फत अन्य क्रियाकलापहरु गर्न गराउन प्र.अ. /शिक्षकहरुलाई क्षमता अभिवृद्धि गरिनेछ।
- साक्षर पालिका घोषणाको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- विद्यालयबाट हुने भुक्तानीहरुलाई बैङ्किक प्रणालीद्वारा गर्ने पहल गरिनेछ।
- विद्यार्थी-शिक्षक अनुपातलाई मध्यनजर गरी माध्यमिक विद्यालयहरुमा सेक्शन छुट्याई कक्षा संचालनको लागि आवश्यक पूर्वाधार तथा शक्षक व्यवस्थापन गरिनेछ।
- शिक्षण सिकाईलाई समय सान्दर्भिक र व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यकता अनुसार **शिक्षकतथा बालबिकास सहजकर्ता तालिम**को व्यस्था गरी शिक्षण सिकाई कार्यमा **ICT** को प्रयोगलाई प्राथमिकता दिइनेछ ।

- विपन्न जेहेन्दार बालबालिकाको **उच्च शिक्षाका लगि छात्रवृत्ति** प्रदान गरिनेछ।
- यस पालिकाका अन्तर्गतका **"एक वडा एक मा.वि. विद्यालय को"** लागि प्रोत्साहन गरिनेछ।
- यस गापाभित्रको विद्यालयहरुमध्ये कुनै एक विद्यालय छनौट गरि **प्रविधियुक्त स्मार्ट कक्षा** संचालनको व्यवस्था मिलाईनेछ ।
- **शिक्षक दरबन्दि मिलान** सम्बन्धी प्रतिवेदन अनुसार शिक्षक व्यस्थापन गर्न पहल गरिनेछ।
- माध्यमिक तथा आधारभूततहको नतिजा एवम् समग्र विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गरी **उत्कृष्ट विद्यालयलाई पुरस्कृत** गरिनेछ ।
- शिक्षक र प्रधानाध्यापकहरुको कार्यसम्पादन मूल्याङ्कन शैक्षिक नतिजा र **कार्यसम्पादन करारको** नतिजामा आधारित बनाइनेछ ।
- पालिकामा कार्यरत स्वयं सेवक शिक्षकहरुको निर्वाह भत्ता/तलबभत्तालाई पुनरावलोकन गरी आवश्यकता अनुसार थप **स्वयंसेवक शिक्षक** नियुक्ति गरि परिचालन गरिनेछ।
- टोल शिक्षा समिति गठन परिचालन तथा सक्रियता गर्न विशेष जोड दिईनेछ।
- वालविवाह, लागु औषध दुरव्यवसनी तथा दुरव्यवहार नहुनका लागि जनचेतनामुलक कार्यक्रम गर्नका साथै एक धुम्ति कार्यदल गठन गरि परिचालन गरिनेछ।
- विद्यार्थी-शिक्षक-अभिभावक र विद्यालय व्यवस्थापन समितिका आचारसांहितालाई पूर्णता दिई कार्यान्वयनमा ल्याइनेछ।

**ख) स्वास्थ्य सम्बन्धी नीति**

- नागरिकको पहुँच सुनिश्चित हुने गरी फरहदवामा **आधारभुत अस्पताल** संचालनमा ल्याएका छौं, त्यसमा चिकित्सकीय र आधुनिक प्रयोगशाला सेवालाई अझ व्यवस्थित र सुविधा सम्पन्न बनाईनेछ,आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी स्वास्थ्य सेवालाइ सहज र नियमित वनाइनेछ ।
- मेडिकल अधिकृत स्तरको चिकित्सा सहितको टोलीबाट गाउँ घर क्लिनिक संचालन गरी सेवा विस्तार गरिनेछ ।
- निचुटामा संचालित **तिलगंगा आँखा केन्द्रलाई** आवश्यक पर्ने भौतिक पुर्वाधार र स्वास्थ्य उपकरणको व्यवस्था गरी गुणस्तरीय सेवा उपलब्ध गराउन गाउँपालिकाबाट निरन्तर समन्वय तथा सहकार्य गरिनेछ ।
- फरक क्षमता भएको र विपन्न परिवार पहिचान गरी **निशुल्क स्वास्थ्य विमा**को व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाभित्र संचालित स्वास्थ्य संस्था प्रति नागरिकहरुमा विश्वास बढाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको **नियमित स्वास्थ्य तथा आँखा परिक्षण** गर्ने व्यवस्था गरिनेछ।

- नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य **गरीनिःशुल्क रक्त सञ्चार सेवा**लाई निरन्तरता दिइनेछ।
- **महिला स्वयंसेविकाहरु**को क्षमता विकास तालिम उपलब्ध गराई स्वास्थ्य सेवालाई प्रभावकारी तुल्याइनेछ तथा उत्कृष्ट महिला स्वयंम सेविका भएका स्वास्थ्य संस्थामा अध्ययन अवलोकन तथा भ्रमण गराइने छ।

- गाउँपालिकाभित्र संचालनमा रहेका **आधारभुत अस्पतालबाट** गुणस्तरीय रुपले आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक चिकित्सक लगायत स्वास्थ्य कर्मि र स्वास्थ्य उपकरणको प्रबन्ध गरिनेछ तथा नारायणी अस्पताल सँग सेटलाईट क्लिनिक संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाईलाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको सबै प्रकारका औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- गाउँपालिका पूर्ण खोप घोषणा भइसकेको र यसलाई निरन्तरता दिने काम गरिनेछ।
- पटेर्वा सुगौली आधारभुत अस्पतालमा सःशुल्क औषधी पसल संचालन गर्ने व्यवस्था मिलाईने छ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट गापाबाट विनियोजन गरिनेछ ।
- आयुर्वेदिक प्राथमिक स्वास्थ्य केन्द्रलाई थप व्यवस्थित गरी बैकल्पिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।
- गा.पा.भित्रका गर्भवतिहरुका लागि गर्भवती पोषण कार्यक्रम अन्तर्गत थप सामग्री उपलब्ध गराइनेछ।
- सुत्केरीलाई सुत्केरी लुगा ( भित्री वस्त्र २ थान, पेटीकोट १ थान) प्रदान गरिनेछ।
- गर्भवतीहरुको लागि गा.पा. भित्रै सःशुल्क अल्ट्रासाउण्डसेवा उपलब्ध गराइनेछ ।
- गाउँघर क्लिनिकलाई थप सेवा दिनेगरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- पटेर्वा सुगौली गाउँबासीहरुलाई **स्वास्थ्य बिमा** गराउनलाईको लागि प्रचारप्रसार कार्यलाई तिव्रता दिइनेछ।
- विपन्न नागरिकहरुको उपचारका लागि प्रदान गरिने आर्थिक सहायतालाइ निरन्तरता दिइनेछ।
- शारिरिक व्यायाम, योग, आराधमा मार्फत स्वस्थ जीवनशैलीका लागि चेतनामूलक कार्यक्रममा विशेष जोड दिइनेछ।

- स्वास्थ्य क्षेत्र सँग सम्बन्धित अन्य विषयहरुलाई आवश्यकता एवं औचित्यताका आधारमा नियमित गर्दै लगिनेछ।

**घ) संस्कृति प्रवर्द्धन सम्बन्धी नीति**

- पटेर्वा सुगौली गाउँपालिकाको कला धर्म र सम्पदाको ,भाषा ,सँस्कृति ,संरक्षण एवं विकासलाई जोड दिइनेछ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती ,मस्जीद ,मठ मन्दिर ,संरचना , शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी ,दरगाहसंरक्षण गरिनेछ ।
- थारु बहुलता भएकोले बृहत रुपमा मनाइने माघे संक्रान्ती पर्वको लागि (खिचडी) प्रदर्शनी कार्यक्रम गरिनेछ ।
- महिलाहरुको तीज बिशेष कार्यक्रम , मुस्लिमहरुको ईद लगायतको पर्व हिन्दुहरुको बाट आवश्यक वजेट विनियोजन.पा.होली जस्ता पर्वहरु गर्न गा ,दशैं ,छठ गरिनेछ।

**ङ) युवा तथा खेलकुद सम्बन्धी नीति**

- खेलकुदको विकास तथा प्रवर्द्धन गर्न विभिन्न खेल सामग्री वितरण गरिनेछ।
- गाउँपालिका स्तरीय विभिन्न खेलको टिम छनौट गरिनेछ।
- गाउँपालिका स्तरीय खेलकुद विकासको लागि आवश्यक टुर्नामेन्ट म्याच गराउनेछ।
- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- **"एक वडा, एक व्यायामशाला"** को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई सीपमुलक तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।
- गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।
- प्रत्येक वडामा यूवा समूह गठन ,उद्यमशिलता तथा रोजगारी सृजनाको लागि कृषि/ व्यापार र व्यवसायमा आवश्यक अनुदान दिइनेछ। ,पशुपालन

**च) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति**

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न बैंकबाट कर्जा उपलब्ध गर्न सहजीकरण गरिनेछ।
- ज्येष्ठ नागरिकहरुलाई नेपालभित्रको धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराइनेछ।
- महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- गाउँपालिका स्तरीय एउटा बाल उद्यान तथा पिकनिक स्थल निर्माण गरिनेछ।
- बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिकाका बालमैत्री घोषणा हुने कार्यक्रम अगाडी बढाउने छ।
- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला बालबालिका विशेष क्षमता भएकाहरु तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिइनेछ ।
- २०८३ सालमा बालमैत्री तथा बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक सुचकहरुलाई पुरा गरिनेछ ।

**छ) न्याय कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमः**

- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको संसोधन गरिनेछ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र संचालनमा ल्याइनेछ।

## ३. आगामी आ.व. २०८३/०८४ को पूर्वाधार विकास सम्बन्धी नीतिहरु

**संस्थागतः**

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. आवासको हकलाई सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

४. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. आगामी आ.व.मा यस पटेर्वा सुगौली गाउँपालिका अन्तर्गतको गाउँहरुमा "एक गाउँ एक समुदायिक भवन" नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

८. आवासीय भवनमा **"एक घर-एक जोडा विरुवा"** नीतिलाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१०. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

**क) सडक तथा पुलः**

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई जोड्ने सडकलाई स्तरोन्नति गरिनेछ। ।
- गाउँपालिका सम्पूर्ण क्षेत्र भित्र नाला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ लगिनेछ |
- हुलाकी देखि रेन्जपोष्ट सम्म कालो पत्रे सडक निर्माण पुरा गर्न आवश्यक पहल गरिनेछ।
- पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरुको आगावमनमा सहज पहुँचको व्यवस्था गर्न सडक संजालको व्यवस्था गरिनेछ ।
- गाउँपालिका स्तरबाट वार्षिक सडक मर्मत कार्यलाई निरन्तरता दिइनेछ

**ख) सिंचाईः**

- खेतियोग्य सुक्खा जमीनमा आधुनिक प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सिचाईका लागि आवश्यक मोटर आदि किसानलाई सहुलियत अनुदानमा उपलब्ध गराइनेछ |
- कृषि सिचाई कार्यको लागि सहजताको लागि कृषि पोल तार तथा ट्रान्सफर्मर विस्तारको लागि निरन्तरता दिइनेछ।

ग) भवन निर्माण :

१. १ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट सेवा सुचारु गरिनेछ।

२. निजी उपभोगमा रहेको सार्वजनिक सम्पतिलाई गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।

३. यस गापा मा बन्ने घरहरुमा नक्सा पास लागु गरिनेछ।

४. भुमिहिन सुकुमवासीहरुलाई लालपुर्जा वितरण गर्ने/कार्यलाई यथाशिघ्र अगाडी बढाइनेछ।

घ) संचारः

१. यस गाउँपालिका अन्तर्गतका कार्यालयमा डेडिकेटेड ईन्टरनेट सेवालाई निरन्तरता दिई अनलाइनमा आधारित सेवालाई सहजता पुगाउनेछ।

२. यस गाउँपालिकाका मातहतका सरकारी कार्यालयहरुमा सिसिटिभि क्यामरा जडान गरी इन्टरनेटको माध्यबाट एकिकृत निगरानीमा ल्याइनेछ।

## आगामी आ.व. २०८३/०८४ को वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु

### क) विपद् व्यवस्थापन सम्बन्धी नीति

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कलकारखाना तथा उद्योगबाट वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८. गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक( प्रकोप व्यवस्थापन कोष) कोषको व्यवस्था गरिनेछ।

९. बाढी नियन्त्रण गर्न आवश्यक खोलामा तटबन्थ निर्माण गरिनेछ।

**ख) वन तथा भू संरक्षण तथा जलवाय परिर्वतन सम्बन्धी नीति**

- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- सडकको दुवै किनारमा बृक्षारोपण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ऐलानी तथा स्थानीय सरकारको जग्गाको पहिचान गरी निजि तथा सामूहिक वन लगाउन उत्प्रेरित गरिनेछ।

**ग) फोहोरमैला व्यवस्थापन, खानेपानी तथा स्वच्छता सम्बन्धी नीति**

- स्वच्छ खानेपानिमा पटेर्वा सुगौली बासीको पहुँच अभिवृद्धि गरिनेछ।
- प्रत्येक वडाको हरेकघरधुरीमा खानेपानीमा पहुँच पुर्‍याउन"एक घर एक चापाकल"कार्यक्रमलाई निरन्तरता दिइनेछ तथा Over Head Tank को अवधारणा विकास गरिनेछ।
- प्रत्येक वडामा सरसफाईफोहोरमैला तथा ढल व्यवस्थापनमा विशेष पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका मुख्य चोकबचार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक / शौचालय निर्माण गर्ने अवधारणाको विकास गरिनेछ।
- वडा नं. २ मकवानी टोलमा रहेको शिवम् लेयर्स फर्म प्रा.लि. बन्द गराउन बिशेष कदम चालिनेछ।
- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
- जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।
- सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।
- गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।
- खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

## आगामी आ.व. २०८३/०८४ को संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिहरु

### क) मानव संशाधन विकास **सम्बन्धी नीति**

- गाउँपालिकाकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सबै वडा कार्यालयहरु तथा गाउँपालिकामा नागरिक वडापत्रको व्यवस्था गर्दै चुस्त दुरुस्त सेवा प्रवाहको लागि पहल गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च राख्न गाउँपालिकाका उत्कृष्ट कर्मचारीलाई पुरस्कत तथा निकृष्ट कर्मचारीहरुलाई कडा कारवाही गरिनेछ ।

### ख) सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी **नीति**

- गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
- गुनासो सुनुवाईलाई व्यवस्थित गरी संचालनमा ल्याइनेछ।

- आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण तथा उचित सदुपयोग गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
- यस गाउँपालिका भरीका सम्पूर्ण कार्यालय र विद्यालयहरुमा विद्युतीय हाजिरी जडान गरिनेछ।

## ग) अन्तर सरकारी समन्वय सम्बन्धी नीति

- यस पटेर्वा सुगौली गाउँपालिका संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनको पूर्ण पालना गरिने छ ।
- पटेर्वा सुगौली गाउँपालिकाकाद्वारा निर्माण गरिने कानुनहरु संघीय तथा प्रादेशिक कानुनहरु सँग नबाझिने गरी बनाईने छ ।
- अन्तर स्थानीय तहमा मार्फत योजना तथा कार्यक्रम संचालन गर्ने लागत साझेदारी गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारबाट उपलब्ध हुने बिभिन्न अनुदानहरुमा कानुन बमोजिम लागत साझेदारी गरिनेछ र सोको लागि पटेर्वा सुगौली गाउँपालिकाबाट म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।
- अन्तर स्थानीय तहमा समन्वय तथा सहकार्य गर्न सक्ने वियषहरुको पहिचान गर्न विभिन्न बैठक तथा गतिविधि संचालन गरिनेछ ।

## घ) गै.स.स. तथा निजी क्षेत्र सँग सम्बन्धी नीति

- यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शि र व्यवस्थित रूपमा परिचालन गर्न NGO डेस्क स्थापना गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याईनेछ ।

- गाउँपालिका सँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै.स.स. सँग सहकार्य गरिने छ। साथै अनुभव आदानप्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिने छ। विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिने छ, विकास निर्माणमा जनसहभागिता र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ ।

**ख) सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरलछिटो र छरितो बनाइनेछ । ,
- कर्मचारीहरुको कार्यालय समय पालनासमन्धी आचरण लाई नियमित गर्न लगाइनेछ ।

**ङ) राजस्व सम्बन्धी नीति**

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- आगामी आर्थिक वर्ष देखि यस पटेर्वा सुगौली गाउँपालिका कार्यालयबाट नै आन्तरिक राजस्व कार्यालयले प्रदान गर्ने सेवाहरु जस्तै व्यासायिक प्यान दर्ता, कर चुक्ता प्रमाणपत्र तथा कर बुझाउने सुविधा प्रदान गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्वयस्थित तथा सजिलो बनाउन गाउँघरमा नै गई कर संकलन अभियान संचालन गरिनेछ।
- राजस्व संकलन कार्यलाई अनलाईन मार्फत गरिने व्यवस्था गरिनेछ।

**i. बेरुजु फर्छ्यौटः**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गाका पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल .स.वि. उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहि गाउँपालिका वनाइनेछ ।

**ii. सार्वजनिक सुनुवाईः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समयसमयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- पटेर्वा सुगौली गाउँपालिकावासीमा गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहर प्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ।

**धन्यवाद!!!**

श्री ममता महतो

उपाध्यक्ष

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

मिति : २०८३ असार ०३ गते बुधवार